# ४

# परमेश्वरले सच्याउनु हुन्छ र आचरणमा सुधार गर्न आव्हान गर्नुहुन्छ

*यस अध्यायका मूल पदहरू:* यर्मिया १७:५-१०, यर्मिया १७::१-४, यर्मिया ११:१८-२३, यूहन्ना ३:१९, यर्मिया १२:१-६, १४:१-१६।

*स्मरण गर्नुपर्ने मूल सार पद:* "प्रभु मलाई निको पार्नुहोस् ताकि म निको हुनेछु। मलाई बचाउनुहोस् ताकि म बाँच्नेछु किनभने तपाईं नै मेरो प्रशंसाको पात्र हुनुहुन्छ।" यर्मिया १७:१४।

"जे हुनुपर्थ्यो सो हुनेछ र जे गर्नुपर्थ्यो सो गरिने छ र सूर्यको मुनि कुनै कुरो पनि नौलो छैन।" उपदेशक १:९ रूपान्तरित।

सूर्यको मुनि केही पनि नौलो कुरो छैन वा हुँदैन? तर परमेश्वरका अगमवक्ता वा उहाँको निम्ति काम गर्नेहरूको जीवन र कामको सन्दर्भमा त्यो भनाई सत्य भएको प्रमाणित छ। बुझपचाएर बस्ने मानिसहरूलाई हप्काउन र चेतावनी दिन आफ्ना वचनहरू मार्फत परमेश्वरले ती अगमवक्ताहरूलाई नियुक्ती गर्नुहुन्छ। परमेश्वरको वचनमा इमान्दारीसाथ जिउन खोज्दा पनि ती अगमवक्ताहरूले मानिसहरूको घोर बिरोधको सामना गर्नुपर्थ्यो र त्यतिमात्र होइन तिनीहरूले सास्ती पनि खानुपरेको थियो। ती अगमवक्ताहरूले भोग्नुपरेको खप्कि प्रायजसो आत्मिक अगुवाहरूबाट नै हुन्थ्यो जसले अगमवक्ताका वचनहरू पहिला नै सुन्नुपर्थ्यो। त्यसैकारण येशूले ती धर्मका रक्षक कहलाइने अगुवाहरूलाई दिनुभएको श्रापप्रति हामी अचम्म मान्नुपर्दैन "धिक्कार, तिमी शास्त्री वा धर्मशास्त्रका ज्ञाताहरू र फरिसी धर्मगुरूहरूल! किनकि तिमीहरू पाखण्डी अर्थात् मुकुण्डोधारीहरू हौ। तिमीहरूले अगमवक्ताको निम्ति चिहानहरू बनायौ र तिनीहरूको चिहानको वरिपरि देखावटी धार्मिकताको भाषण दियौ

र भन्यौं "यदि हामीहरू हामीहरूका पूर्खाहरूको समयमा बाँचेका भए ती अगमवक्ताहरूलाई मार्न थिएनौं र तिनीहरूको रगतले हामीहरूको हात रग्याँउने थिएनौं।" (मत्ती २३:२९, ३० रूपान्तरित)

यर्मियाक दुःखकष्ट यस अध्यायमा हामी हेर्नेछौं। उनले आफ्नो सेवाकार्यभरि अवजस, गाली, आलोचना र विरोधहरूको मात्र सामना गर्नुपरेको थियो। धार्मिक अगुवाहरूलाई आफ्नो मार्ग परिवर्तन गर्न अनुरोध गर्दा उल्टो उनैले भरमग्दुर गाली खानुपरेको थियो।

## १.दुई मार्गहरु

उत्पत्तिको पुस्तकको सुरूदेखि प्रकाशको पुस्तकको अन्तसम्मको अध्यायहरूमा हामीहरू कसरी जिउने भनेर बाइबलले केवल दुई बैकल्पिक मार्ग वा हिंड्ने बाटोहरू हाम्रो सामु प्रस्तुत गरिएको छः हामीहरूको सारा हृदय र विवेकले परमेश्वरलाई पछ्याउनु वा नपछ्याउनु। येशूले व्यक्त गर्नुभएको देहायको वचन धेरैको निम्ति चुनौति र मनलाई धक्का दिने खालको छ, "जो मानिस मेरो साथमा छैन त्यो मेरो बिरुद्धमा छ, जो मानिस मसँग बटुल्दैन त्यो छरपस्त हुन्छ।" (लूका ११:२३ रूपान्तरित)। येशूको त्यो भनाई शक्तिशाली तर प्रत्येक मानिसको दिमाग खोतल्ने खालको छ। त्यसले हामीलाई के भनीरहेको छ वा त्यसको भेद झट्ट हामीहरूको नाङ्गो आँखा वा साधारण विवेकले हेर्ने भन्दा गहिरो छ। यस वाक्यमा परमेश्वर र शैतानको बीचमा भइरहेको महान् द्वन्धको आधारभूत बिषयबस्तुलाई चिरफार गर्न खोजेको पाइन्छ। फेरि त्यसै समय येशूले कुनै नौलो वा क्रान्तिकारी वचन भन्नुभएको थिएन। उहाँले व्यक्त गर्नुभएको अभिव्यक्तिको मर्म संसारको मानव इतिहासमा सधैं स्पष्टरूपमा प्रस्तुत भइरहेको पाउँछौं।

ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् संघर्ष वा बिवादको परिप्रेक्ष्यमा यर्मिया १७:५-१०ले कस्तो खालको निर्णायक आत्मिक नीतिहरू प्रस्तुत गरेका छन्? हेर्नुहोस् "५ परमप्रभु यसो भन्नुहुन्छः "श्रापित होस् त्यो मानिस, जसले मानिसमाथि भरोसा राख्दछ, र शारीरिक शक्तिमाथि भर पर्दछ, जसको हृदय परमप्रभुदेखि तर्किगएको छ। ६ त्यो उजाड़-भूमिको पोथ्रोझैं हुनेछ। उन्नति आउँदा त्यसले देख्नेछैन। त्यो मरुभूमिका सुक्खा ठाउँहरूमा बस्नेछ, अर्थात् नूनको जमिन जहाँ कोही पनि बस्दैन। ७ "तर त्यो मानिस धन्यको हो, जसले परमप्रभुमा भरोसा राख्तछ, जसको आशा परमप्रभु हुनुहुन्छ। ८ त्यो पानीको किनारमा रोपेको रूखजस्तो हुनेछ, जसले आफ्ना जराहरू खोलाका किनारसम्म फिँजाएको हुन्छ। गर्मी हुँदा त्यो डराउँदैन, त्यसका पातहरू सधैं हरियै हुन्छन्। खड़ेरीको समयमा त्यसलाई केही
चिन्ता हुँदैन, र त्यसले फल फलाउन कहिल्यै चुक्दैन।"
९ मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ, र त्यसलाई निको पार्न सकिँदैन। त्यसलाई कसले जान्न सक्छ र? १० "हरेक मानिसलाई त्यसको चालअनुसार र त्यसका कर्मको फलअनुसार इनाम दिनलाई म परमप्रभु मानिसको हृदय तलाश गर्छु, त्यसका मनको म जाँच गर्छु)।"

परमेश्वरले व्यक्त गर्नुभएको उपरोक्त बचनहरूले तत्कालिन यहूदा वा इस्राएलको चरित्रको वर्णन गरिएको थियो, जसले आफ्नो अस्तित्व राजनैतिक तथा सैनिक शकशक्तिमा भरपरेर परमेश्वरको वचन पालन गर्न आनकानी गरिहेको थियो। राजनैतिक र सैनिक शक्तिमा होइन परमेश्वरले दिने सहायतामा तिनीहरूको अस्तित्व हुन्छ भनेर तिनीहरूले महसुस गरुन् भनेर परमेश्रले चाहनुभएको थियो। तर जब तिनीहरूले सो महसुस गरे तब ढिलो भइसकेको थियो। हामीहरूलाई सहयोग गर्ने अरू मानिसहरूलाई परमेश्वरले परिचालन गर्नुहुन्छ तर अन्तमा हामीले

परमेश्वरमा नै सधैं भरोसा राख्न सिक्नुपर्छ। हामीप्रति परमेश्वरको नियत के छ सो हामी सधैं अनुभव गर्न सक्छौं वा जान्त सक्छौं।

मानिसको हृदयमा कस्तो कुनियत लुकिएको हुन्छ भनेर यर्मियाले यर्मिया १७:९मा प्रस्तुत गरेको विभिन्न परिप्रेक्ष्यमा मनासिबै देखिन्छ। हृदय सबै तत्व भन्दा धोखेवाज हुन्छ भनेर हिब्रु भाषामा सो वाक्यलाई अनुवाद गरिएको छ। शारिरीक जीवनमा पापले ल्याउने भयानक परिणाम भन्दा नैतिक र आत्मिक रूपमा सिथिल भएर ल्याउने धोकापूर्ण परिणाम चर्को हुन्छ। हामीहरूको हृदय धोका दिने खालका भइसकेकोले पाप कस्तो खराब हो भनेर हामीले छुट्याउन सक्दैनौं। मानव नियतहरू कस्तो खराब रहेछन् भनेर यर्मिया आफैले छिट्टै भोग्नुपर्ने समस्याबाट उनी उम्किन सकेका थिएनन्।

**पहिलाभन्दा वढि परमेश्वरमाथि भरोसा राख्न तपाईंले कसरी सिक्न सक्नुहुन्छ? के के उपायहरू छन् जसले अहिले नै विश्वासको कदममा तपाईंलाई अघि बढाउन र परमेश्वरको सामु जे ठिक छ सोही गर्न सहयोग गर्न सक्छन्?**

## २. यहूदाको पाप

**निश्चयनै,** परमेश्वरले खटाउनुभएको काम गर्न यर्मियालाई सजिलो थिएन। हुनसक्छ कति मानिसहरूले अरूको गल्ती वा पापलाई औंल्याउँदा आफूलाई मजा भएको महसुस गर्न सक्छन् होला तर प्रायजसो मानिसहरूको निम्ति त्यो काम असजिलो हुनसक्छ। बिशेष गरेर अरूको पाप वा गलत कामलाई सच्याउने नियत बोकेर औंल्याउँदा त्यसको प्रतिकार भोग्नुपर्दा कस्तो काम गर्न पुगेछु भनेर दिक्क मान्ने मानिसको स्वभावप्रति अनौठो मान्नु हुन्न। हुन त कतिले आफ्नो गल्तीलाई औंल्याउँदा पश्चाताप गरेर आफ्नो जीवनलाई सुधार्ला तर यस्तो सुधार्ने काम कमै हुनसक्छ बिशेष गरेर कसैको गल्तीलाई कडारूपमा भन्डाफोर गरेर

सार्वजानीक रूपमा औंल्याइन्छ। हो, त्यस्तै अरू अगमवक्ताहरूको वाणी जस्तै पनि यर्मियाका बचनहरू जस्तै परमेश्वरको मार्गमा चल्न नचाहनेको भनि कडा र हृदयलाई घोच्ने खालका थिए।

**यर्मियाले सार्वजनिक रूपमा मानिसहरूलाई दिएका केही चेतावनीहरू यर्मिया १७:१-४मा कसरी प्रस्तुत गरेको छ हेर्नुहोस्: "१ "यहूदाको पाप फलामको औजारले कुँदिएको छ। त्यो तिनीहरूका हृदयको पाटीमा र तिनीहरूका वेदीका सीङहरूमा चकमक पत्थरको टुप्पाले खोपिएको छ। २ झ्याम्म परेका रूखहरूनेर र अल्गा डाँड़ाहरूमा भएका आफ्ना वेदीहरू र अशेराका खम्बाहरू तिनीहरूका छोराछोरीहरूले पनि स्मरण गर्छन्। ३ देशमा भएको मेरो पर्वत र तिमीहरूका सबै धन-सम्पत्ति तिमीहरूका अल्गा-अल्गा ठाउँहरूसहित तिमीहरूको देशभरिका पापको कारण ती लुटिनलाई म दिनेछु। ४ मैले तिमीहरूलाई दिएको उत्तराधिकार तिमीहरूले आफ्नै दोषले गर्दा तिमीहरूले गुमाउनेछौ, र तिमीहरूले नचिनेको देशमा म तिमीहरूलाई आफ्ना शत्रुहरूको सेवा गर्न लाउनेछु, किनकि तिमीहरूले मेरो रीसको आगो सल्काएका छौ, र त्यो सधैं जलिरहनेछ।"**

मानिसका पापहरू हृदयमै कसरी कुँदिएका छन् भनेर गरेको चित्रण बिशेष गरेर अत्यन्त समसामयीक र प्रभावकारी छन्। यसले मानिस कतिको भ्रष्ट भएर खस्किसेका रहेछन् भनेर देखाउँछ। मानिसको हृदयमा पाप केवल कलमले लेखेको नभएर शिल्पकारको औजारले कुँदिएको भनिएको छ। अझ झन यहूदाका पूर्खाहरूलाई परमेश्वरले दिएका वचनहरूलाई झन अत्यन्त हृदयबिदारक देखिन्छ: "१० व्यवस्थाको यस पुस्तकमा लेखिएका उहाँका आज्ञा र विधिहरू पालन गर्‍यौ भने र आफ्नो पूरा हृदयले र आफ्नो पूरा प्राणले परमप्रभु आफ्ना परमेश्वरतिर तिमीहरू फर्क्यौं भने, तिमीहरूका पिता-पुर्खासँग उहाँ प्रसन्न हुनुभएझैं

परमप्रभु तिमीहरूसँग फेरि प्रसन्न हुनुहुनेछ र तिमीहरूलाई वृद्धि गर्नुहुनेछ। ११ आज मैले तिमीहरूलाई दिएका आज्ञा तिमीहरूका निम्ति साह्रै गाह्रो वा टाढ़ो छैन।" व्यवस्था ३०:१०। (त्यही सन्दर्भमा भजन ४०:८मा यसरी लेखिएको छ "८ हे मेरा परमेश्वर, तपाईंको इच्छाबमोजिम गर्न म चाहन्छु,तपाईंको व्यवस्था मेरो हृदयभित्र छ।" र "३३ परमप्रभु भन्नुहुन्छ, "ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु,तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू मेरा प्रजा हुनेछन्।" यर्मिया ३१:३३)। कुनै करकापबाट होइन तर तिनीहरूको स्वइच्छा, स्वविवेक र परमेश्वरमाथिको प्रेमले उहाँका आज्ञाहरू वा व्यवस्थालाई पालन गर्न तिनीहरूको हृदय परिचालित हुनुपर्थ्यो। हृदयदेखि नै चाहना गरेर तिनीहरू परमेश्वरको विधिको शासनमा बस्न रुचाउनुपर्थ्यो तर परमेश्वरको व्यवस्थाको खिलाफमा गएर (१ यूहन्ना ३:४) तिनीहरूले पाप गर्न मन पराए र परमेश्वरको प्रेमको सट्टा बिद्रोहले तिनीहरूको हृदय कोरिएको थियो।

"परमेश्वरका दश आज्ञाहरूलाई आत्मसात् गर्नेहरू वा त्यसलाई सार्वनजिक गर्ने जिम्मा हामीलाई दिइएको छ भनेर दावी गर्नेहरूले अत्यन्त सतर्क हुनुपर्छ। बाहिरी रूपमा मात्र परमेश्वरको व्यवस्था पालन गर्नेहरूले आफूहरूलाई यसरी झुक्याउनु वा चिप्लो घस्न दिनुहुन्न कि परमेश्वरले तिनीहरूमाथि न्याय गर्नुहुन्न। खराबको भन्दाफोर गर्न कोही पनि पछि हट्नुहुन्न र चर्चको शिविरबाट दुष्ट कामहरू गरिने तत्वहरूलाई सफा गर्न सुरिने परमेश्वरका सेवकहरूको आलोचना नगर्न सचेत गरिएको छ। जो मानिस परमेश्वरका दश आज्ञाहरू मानेको छु वा हृदयमा सजाइराखेको छु भनेर दावी गर्छ भने साँच्चिकै तिनीहरूले अधर्म र पापबाट अलग होओस्। यो नै पापप्रति वाक्क मान्ने परमेश्वरको

माग हो।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किंग्स, पृ. ४१६बाट रूपान्तरित।

हृदयका पाताहरूमा पाप कोरिएको छ रे! यो एकदमा तर्साउने सोच हो, होइन त? यस मार्मिक चित्रणले पापलाई सफा गर्नुपर्ने हृदयको काम कतिको गहिरो र मेहनती हुनुपर्दो रहेछ भनेर देखाउँछ? तर यो काम सम्पन्न गर्न केवल एउटैमात्र उपाय कुन् हो?

## ३. यर्मियालाई दिइएको चेतावनी

"मानिसहरूका कामहरू दुष्ट भएकोले नै जब आत्मज्ञानको ज्योति तिनीहरूमा आए तिनीहरूले त्यसलाई मनपराउनुको सट्टा अन्धकारलाई नै च्यापी राखे। त्यस्तो मनस्थितिमा रहिरहँदा तिनीहरू परमेश्वरको सामु दोषी ठहरिरहेकोहुन्छ" (यूहन्ना ३:१९ रूपान्तरित)।

यो दुःख लाग्दो कथा छ कि यर्मियाद्वारा जुन मानिसहरूलाई परमेश्वरले उद्धार गर्न खोज्नुभएको थियो, त्यही मानिसहरूबाट उनले घोर बिरोधको सामना गर्नु गर्नुपरेको थियो। इस्राएलका जनता बिनाशकारी घट्नामा नपरुन भन्ने परमेश्वरको चाहना थियो। यो यथार्थ तर तितो सत्य हो कि मानिसहरूले जुन् कुराहरू सुन्नुपर्थ्यो ती कुराहरू तिनीहरूले सुन्न चाहन्न किनभने ती कुराहरूले तिनीहरूको हृदय खोतल्छ र तिनीहरूले पोषीरहेका तिनीहरूको पापी, भ्रस्ट तथा दुष्ट चरित्र भन्डाफोर गर्छ।

यर्मिया ११:१८-२३ पढ्नुहोस्। त्यहाँ के भइरहेको छ र ती पदहरूमा उल्लेख गरेका केही चित्रणहरूले हामीलाई के याद दिलाउँछ? हेर्नुहोस्: "१० तिनीहरू आफ्ना पिता-पुर्खाहरू, जसले मेरा वचन सुन्न इन्कार गरे, तिनका पापतिरै फर्किगएका छन्। तिनीहरू अरू देवताहरूको सेवा गर्न तिनीहरूका पछि लागेका छन्। मैले तिनीहरूका पिता-पुर्खाहरूसित गरेको मेरो करारलाई इस्राएलका घराना र यहूदाका घराना दुवैले भङ्ग गरेका छन्। ११

यसकारण परमप्रभु यसो भन्नुहुन्छः 'म तिनीहरूमाथि विपत्ति
ल्याउनेछु, जसबाट तिनीहरू उम्कन सक्दैनन्। तिनीहरूले मेरो
पुकार गरे तापनि म सुन्नेछैनँ। १२ तब यहूदाका शहरहरू र
यरूशलेमका मानिसहरूले गएर ती देवताहरूको पुकार गर्नेछन्,
जसका निम्ति तिनीहरूले धूप बालेका थिए, तर तिनीहरूको
आपत्‌को बेलामा ती देवताहरूले तिनीहरूलाई कसै गरेर पनि
सहायता गर्नेछैनन्। १३ हे यहूदा, तिमीहरूका जति सहरहरू छन्,
त्यति नै तिमीहरूका देवताहरू भएका छन्। यरूशलेमका जति
गल्लीहरू छन्, शर्मलाग्दो बाल देवतालाई धूप चढ़ाउने वेदीहरू
पनि त्यति नै भएका छन्' । १४ "यस जातिको निम्ति प्रार्थना
नगर, अथवा तिनीहरूका निम्ति पुकार वा बिन्ती नचढ़ा, किनभने
तिनीहरूका दुःखको समयमा तिनीहरूले गरेको पुकारा म
सुन्नेछैनँ। १५ "मेरो मन्दिरमा मेरी प्रिया के गर्दैछे, जब कि
त्यसले आफ्नो दुष्ट योजना धेरैसित बनाइसकेकी छ? के अर्पण
गरिएका मासुहरूले तिमीहरूको दण्ड परसम्म सार्न सक्छन् र? जब
तिमीहरू दुष्ट काममा लाग्छौ, तब तिमीहरू हर्षित हुन्छौ।" १६
परमप्रभुले तिमीहरूलाई असल फल भएको सुन्दर हरियो जैतूनको
रूख भनी नाउँ दिनुभएको थियो, तर भयङ्कर आँधीबेहरीको गर्जनसित
उहाँले त्यसलाई आगो लगाइदिनुहुनेछ, र त्यसका हाँगाहरू
भाँचिनेछन्। १७ सर्वशक्तिमान् परमप्रभु, जसले तिमीहरूलाई
रोप्नुभयो, उहाँले तिमीहरूमाथि विपत्ति ल्याउनलाई फैसला
गर्नुभएको छ। किनभने इस्राएलका घराना र यहूदाका घरानाले
दुष्ट काम गरेका छन्, र बाल देवताको निम्ति धूप चढ़ाएर मलाई
रीस उठाएका छन्। १८ परमप्रभुले तिनीहरूको षड्यन्त्र मलाई
देखाइदिनुभएकोले, मैले थाहा पाएँ, किनभने तिनीहरूले के गरिरहेका
थिए, त्यस बेला उहाँले मलाई सो देखाइदिनुभयो। १९ म त
मार्नलाई लैजान लागेको एउटा सुधो थुमाजस्तो थिएँ। तिनीहरूले
यसो भन्दै मेरो विरुद्ध षड्यन्त्र रचेका मलाई थाहा थिएनः "यस
रूखलाई यसको फलैसमेत नाश गरौं, यसलाई जीवितहरूको

**देशबाट काटेर फालिदिऔं, र यसको नाउँको कहिल्यै सम्झना नगरिओस्।" २० तर हे सर्वशक्तिमान् परमप्रभु, तपाईं जसले धर्मीसित न्याय गर्नुहुन्छ, र हृदय र मनको जाँच गर्नुहुन्छ, तपाईंले तिनीहरूमाथि बदला लिनुभएको म देख्न पाऊँ, किनभने तपाईंलाई नै मैले मेरो मुद्दा सुम्पिदिएको छु। २१ "यसकारण तिम्रो प्राण लिन खोज्ने अनातोतका मानिसहरूका सम्बन्धमा परमप्रभु यसो भन्नुहुन्छ– ती मानिसहरू जो तिमीलाई भन्छन्, 'परमप्रभुको नाउँमा अगमवाणी नभन्, नत्रता तिमी हाम्रा हातबाट मर्नेछौ' – २२ यसकारण सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः 'म तिनीहरूलाई दण्ड दिनेछु। तिनीहरूका जवान मानिसहरू तरवारले मारिनेछन्, र तिनीहरूका छोराछोरीहरूचाहिँ अनिकालले मर्नेछन्। २३ तिनीहरूमा कोही पनि बाँच्नेछैन, किनभने तिनीहरूका दण्डको वर्षमा म अनातोतका मानिसहरूमाथि सर्वनाश ल्याउनेछु।"**

पौराणिक इस्राएलमा जब कसैले परमेश्वरको नाउँमा झुठो भविष्यवाणी बोल्यो भने त्यसलाई मृत्युदण्ड दिइन्थ्यो। तर यर्मियाको मामिलामा भने उनले असत्य बोलिरहेको छैन भनेर आनाथोथका मानिसहरूले महसुस गरेका थिए। तर यर्मिया चुप लागेर बसुन् भन्ने ती मानिसहरूको चाहना थियो। ती मानिसहरू आफूहरूले गरेका घोर पापको बिरोधमा बुलन्द आवाज उठाएको तिनीहरूले सुन्न चाहेका थिएनन्। यहाँ प्रस्तुत गरेका पदहरूले यर्मियालाई कसरी मारेर उनको आवाजलाई साम्य पार्ने भनेको नभएतापनि उनलाई बिष ख्वाएर मार्ने योजना थियो भनेर बाइबलका केही विद्वानहरूले निष्कर्ष निकालेका छन्।

आनाथोथ यर्मियाको आफ्नै शहर थियो तर त्यहाँका मानिसहरूले उनको सन्देशलाई अश्वीकार गरिरहेका थिए। तिनीहरूले उनको चेतावनीलाई वेवास्तामात्र गरेनन् तर उनलाई मार्ने धम्किसमेत दिएका थिए। बाँकि हुने केहीले बाहेक सम्पूर्ण जनहरूले उनलाई पन्छाउने योजनाको त्यो केवल थालनीमात्र थियो।

यर्मियाले खप्नुपरेको अनेकन् धम्किहरूमा बलीको निम्ति लगेको पाठो भनेर आफूलाई गरेको चित्रणले येशूको बलिदानलाई औंल्याउँछ। त्यसले गर्दा यर्मियाले येशूको जस्तो गतिभएर मर्ने जुन् चित्रण गरेको छ यर्मिया मरेर येशूले जस्तै मानिसहरूको पापलाई उद्धार गर्ने नभएर जुन् मानिसहरूलाई उद्धार गर्न चाहेको थियो ती मानिसहरूबाट नै घोरबिरोधको सामना गर्नुपरेको मार्मिक चित्रण गर्दछ। जुन् परिस्थिति यर्मियाको जीवनले भोगे त्यस्तै खालको परिस्थिति येशूले पनि आफ्नो सेवाकार्यको सुरूमा भोग्नुभएको थियो भनेर ठोकुवा गरेको पाइन्छ (लूका ४:१४-३०)।

**तपाईं आफैको बारेमा सोच्नुहोस्। तपाईं कसरी ठीकसंग चल्नुपर्छ भनेर कसैले तपाईंलाई भने तर त्यो सुन्न नचाहेको अन्तिम पटक कहिले थियो? तपाईंको दोष भेट्टाउने मानिसप्रति तपाईंको सुरूको रोष वा रिस कसरी देखाउनुभएको थियो? त्यस्तो परिस्थितिमा हामीले हामीहरूको आफ्नै क्रुस कसरी बोकेर हिंड्ने?**

## ४. बिलौना

अगमवक्ता हुने काम त्यति सजिलो हुनेछैन भनेर परमेश्वरले यर्मियालाई सतर्क गराउनुभएको कुरा यर्मियाका सुरूका अध्यायहरूमा लेखिएको हामीले पढेका थियौं। जब यर्मियालाई परमेश्वरको आवाज हुन बोलाइएको थियो त्यसैबेलामा नै यहूदाका राजकुमारहरू, राजाहर, पूजारीहरू र सर्वसाधारण जनताहरूले समेत उनको घोर बिरोध गरिनेछ र उनीसँग लड्न खोजिने छ भनेर यर्मियालाई भनिएको थियो (यर्मिया १:१९)। परमेश्वरले नै उनलाई संभार र सुरक्षा दिनुहुनेछ र उनको प्रतिद्वन्धीहरूको सामु उनी निडर भएर खडा हुनसक्नेछ (यर्मिया १:१९) भन्ने वचन यर्मियाले पाएतापनि आफ्नै मानिसहरूले उनको बिरोधमा लाग्ने छ भन्ने गरिएको सतर्क यर्मियाको निम्ति खुशीको खबर थिएन। परमेश्वरले जे भन्नुभयो त्यसको बारेमा आधी पनि

थाहा नपाएको यर्मियाले जब दुःख कष्ट आए तब उनलाई परमेश्वरप्रति सा-है चित्त दुःखेको थियो र क्रोधित पनि भएका थिए। उनको त्यस भावनाप्रति संबेदनशील हुनु जरुरी छ।

**यर्मियाले यर्मिया १२:१४मा आफ्नै व्यथा व्यक्त गरेतापनि उनको संघर्षको विषय विश्वव्यापी तथा समसामयी छ भनेर कसरी बुझ्ने? उनलाई दुःख दिने वा पिडा दिनेहरूप्रति उनको कस्तो प्रतिशोधको भावना थियो? परमेश्वरको घनिष्ठ तथा विश्वासीलो सेवकले पनि देखाएको त्यस भावनाले मानव स्वभावलाई कसरी उदाङ्ग पार्दछ?** हेर्नुहोस्ः

**"१ हे परमप्रभु, तपाईं सधैं धर्मी हुनुहुन्छ, जब म तपाईंको अगि मुद्दा पेश गर्छु। तापनि तपाईंका न्यायको विषयमा म तपाईंसित कुरा गर्न चाहन्छु। दुष्टहरूको चाल किन सफल हुन्छ? अविश्वासीहरू किन आरामसित बस्छन्? २ तपाईंले तिनीहरूलाई रोप्नुभएको छ, र तिनीहरूले जरा हालेका छन्। तिनीहरू बढ्छन्, र फल फलाउँछन्। तिनीहरूका मुखमा तपाईंको नाउँ त छ, तर तिनीहरूका हृदयबाट चाहिँ तपाईं टाढ़ा हुनुहुन्छ। ३ तापनि हे परमप्रभु, तपाईं मलाई जान्नुहुन्छ, तपाईं मलाई देख्नुहुन्छ, र तपाईंसम्बन्धी मेरा विचारहरूलाई जाँच्नुहुन्छ। मार्नलाई लैजाने भेड़ाहरूलाई झैं तिनीहरूलाई तान्दै लानुहोस्, र मारिने दिनको लागि ती अलग राख्नुहोस्! ४ देशमा कहिलेसम्म खड़ेरी परिरहने? र मैदानका घाँस कहिलेसम्म ओइलाइरहने? त्यहाँ बस्नेहरू दुष्ट भएका हुनाले, त्यहाँका पशुपन्क्षीहरू सबै नष्ट भएका छन्। त्यसबाहेक "हामीमाथि के हुँदैछ उहाँले देख्नुहुन्न भनी मानिसहरू भनिरहेछन्।"**

यर्मिया १२:१मा उल्लेख गरेका शब्दहरूमा पुरानो करारका कानुनी शव्दहरूले भरिएका छन्। हिब्रु भाषामा कोरिएका "जे उचित छ त्यही गरिनुपर्ने वा धर्मी" "मुद्दा पेश गर्छु" र "न्यायको भिष माग्छु" भन्ने शब्दहरू कानुनमा देखा परिने शब्दहरू हुन्। यर्मियाले आफूप्रति गरिएको दुर्व्यवहार र

अन्यायप्रति रुष्ठ भएर परमेश्वरकै बिरुद्धमा मुद्दा हाल्छु भनेर (व्यवस्था २५:१) आफ्नो क्रोध देखाएका थिए। उनले पोखेका गुनासो अर्थात् दुखेसो कुनै नौलो थिएन, त्यो सबैले गर्ने खालका थिए: दुष्ट, भ्रष्ट र खराब मानिसहरू हेर्दा हेर्दै किन फलिफाप भइरहेका छन् तर आफू परमेश्वरको इच्छा पालन गर्न चाहेतापनि अनेकन् दुःख तकलिफहरू किन बाढीजस्तो किन आइरहेका छन्?

ती गुनासोहरूमा यर्मियाको मानवस्वभावलाई उदाङ्ग पारिएको छ। उनीमाथि अत्याचार गर्ने मानिसहरूले सजायँ पाउन् भन्ने चाहना उनले व्यक्त गर्दछन्। उनी कुनै धर्मशास्त्रका विद्वानहरूले जस्तो बोलीरहेका छैनन् तर उनी त्यस पतित मानिसहरू जस्तै आफ्ना भावनाहरू व्यक्त गरिरहेका छन् जसलाई परमेश्वरको अनुग्रहको आवश्यकता हुन्छ। अयुब र परमेश्वरका अरू धेरै विश्वासी जनहरूले सामना गर्नुपरेका बिपत्तीहरू जसरी तत्कालै बुझ्न सकेका थिएनन् त्यसरी नै यर्मियाले पनि बुझ्न सकेका थिएनन्। परमेश्वरको सेवक भएको हैशियतले उहाँप्रति विद्रोह गर्ने मानिसहरूको सामु उहाँको सत्यको किन घोषणा गर्ने जसले गर्दा उनीप्रति कठोर षडयन्त्र आफ्नै गाउँलेहरूले गरिनेछन्? परमेश्वरप्रति यर्मियाले भरोसा त राखे तर आफूमा आएका बिपत्तीहरू किन आए भन्ने कुरा उनले बुझ्न सकेका थिएनन्।

**हाम्रो जीवनमा जे जति अन्यायहरू हुन्छन् ती नाजायज अन्यायहरू हुन् भनेर हामीले स्वीकार गरेतापनि हामी बिचल्ली नभएर परमेश्वरमाथि भरोसा राख्न कसरी सिक्ने?**

## ५. अत्यन्त बिपत्तीको परिस्थिति

यर्मिया १४:१-१०मा उल्लेख गरेको बृतान्तमा के भइरहेको छ, पढ्नुहोस्: **"१ खडेरीको विषयमा यर्मियाकहाँ आएको परमप्रभुको वचन यही होः २ "यहूदा विलाप गर्छ, र त्यसका सहरहरू दुर्बल भएका छन्। तिनीहरू देशको निम्ति शोक गर्छन्,**

र यरूशलेमको रुवाइ आकाशसम्म पुगेको छ। ३ त्यसका भारदारहरू आफ्ना नोकरहरूलाई पानी लिन पठाउँछन्। तिनीहरू कूवामा जान्छन्, तर पानी पाउँदैनन्। तिनीहरू आफ्ना भाँड़ाहरू रित्तै लिएर फर्कन्छन्। तिनीहरू हरेस खाएर र आत्तिएर आफ्ना टाउका ढाक्छन्। ४ देशमा पानी नपरेकोले गर्दा जमिन चिराचिरा परेको छ। किसानहरू हरेस खाएर आफ्ना टाउका ढाक्छन्। ५ घाँस नभएकोले वनका मुडुली मृगले पनि आफ्नो भर्खर जन्मेको बच्चालाई छोड़ेर जान्छ। ६ वन-गधाहरू नाङ्गो डाँड़ामा उभिएर स्यालझैं पानीको निम्ति हाँफ्छन्। हरियो खर्क नभएकोले तिनीहरूका आँखा तिरमिराउँछन्।" ७ हाम्रा अधर्मले हाम्रा विरुद्धमा गवाही दिए तापनि हे परमप्रभु, तपाईंकै नाउँको खातिर केही काम गर्नुहोस्। किनकि हाम्रो धर्म-त्याग साह्रै ठूलो भयो। हामीले तपाईंको विरुद्धमा पाप गरेका छौं। ८ हे इस्राएलको आशा, दुःखको बेलामा त्यसलाई उद्धार गर्नुहुने, यस देशमा तपाईं किन एक परदेशीजस्तै हुनुहुन्छ? एक रातको निम्ति मात्र अड़िने यात्रीजस्तै किन हुनुहुन्छ? ९ आश्चर्यमा परेको मानिसझैं तपाईं किन हुनुहुन्छ? बचाउन नसक्ने वीर पुरुषझैं किन हुनुहुन्छ? हे परमप्रभु, तपाईं हाम्रा माझमा हुनुहुन्छ। हामी तपाईंकै नाउँले कहलाइएका हौं। हामीलाई नत्याग्नुहोस्!

१० यस प्रजाको विषयमा परमप्रभु यसो भन्नुहुन्छः "तिनीहरू त बरालिएर हिंड्न साह्रै मन पराउँछन्। तिनीहरूले आफ्ना खुट्टालाई वशमा राख्दैनन्। यसैले परमप्रभुले तिनीहरूलाई ग्रहण गर्नुहुन्न। अब उहाँले तिनीहरूका अधर्मको सम्झना गर्नुहुनेछ, र तिनीहरूका पापको दण्ड तिनीहरूलाई दिनुहुनेछ।"

सारा देशमा खडेरी परेको थियोः प्रत्येक साना, ठूला शहर, गाउँ त्यसको चोटमा परेको थियो। धनी र गरिब दुबैले त्यसको मार खप्नुपरेको थियो। जङ्गल सुक्खा हुँदा जङ्गलका जनावरहरूले पनि त्यस खडेरी असह्य भएको थियो। धनी तथा सामन्ती गर्गहरूहरूले आफ्ना नोकरहरूलाई शहर बाहिर तथा गाउँहरूमा

पानी पाउला कि भनेर लिन पठाए तर सबै मुहानहरू सुकिसकेका थिए। पानी एक थोपा पनि त्यस देशभरी कहाँ पनि पाइएन र पानी बिना कुनै कुरा पनि जीवित रहने थिएन। तिनीहरूको दर्दनाक अवस्था दिनदिनै बढ्न थालेको थियो। मानिसहरूले बिलापमा लगाउने लुगाहरू लगाउन थाले र भुइँमा आँखा गाडेर भौंतारिन थाले। अनि तिनीहरू अचानक घुँडा टेकेर अलाप बिलाप गरेर प्रार्थना गर्न थालेको थियो।

यस्तो दैविक प्रक्रोपको बेलामा यरुशलेमको मन्दिरमा (योअल १:१३,१३, २:१५-१७) गएर उपबास गर्ने र परमेश्वरको सामु बिशेष भेटीहरू चढाउने चलन प्रचलित थियो (मानौं त्यो क्षमा पूजा जस्तै थियो)।

मानिसहरूको उत्सुकतालाई यर्मियाले देखेका थिए तर उनलाई थाहा थियो कि तिनीहरू परमेश्वरलाई होइन पानीलाई खोज्दै थिए। त्यसले गर्दा परमेश्वरका अगमवक्ता झन दिक्क मान्न थाले। यर्मियाले पनि प्रार्थना गरिरहेका थिए तर पानीको निम्ति होइन परमेश्वरको दया र उपस्थितिको निम्ति।

त्यो दुःख, कष्ट वा परिक्षाको घडीको समयको सुरूमात्र भएको थियो भनेर यर्मियाले बुझेका थिए। यदि खडेरीलाई परमेश्वरले हटाउनुभयो भने तिनीहरूको स्वार्थमय पश्चाताप पनि बिलाएर जानेछ भनेर उहाँलाई थाहा थियो। आफ्नो बिजोगको परिस्थितिलाई परिवर्तन गर्न मानिसहरूले अनकौं अथक प्रयास गरे। तिनीहरू यरुशलेममा तिर्थ यात्रा गर्न गए, प्रार्थना गरे, उपबास बसे, बिलाप देखाउन भाङ्ग्रा ओढे र धेरै बलि पूजा आदि गरे। तर तिनीहरूले एउटा कुरा बिर्सेका थिएः सही आत्मपरिवर्तन, सही पश्चाताप। समस्याको परिणाम हटाउन तिनीहरूले खोजेका थिए तर समस्या आफै हटाउन होइन। तिनीहरूको समस्या तिनीहरूको पाप र बागीपना अर्थात् परमेश्वरको वचनलाई लत्याउने बानी।

यर्मिया १४:११-१६लाई हामीले कसरी बुझ्ने? हेर्नुहोस्ः "११ तब परमप्रभुले मलाई भन्नुभयो, "यस जातिका भलाइको निम्ति प्रार्थना नगर्। १२ तिनीहरू उपवास बसे तापनि म तिनीहरूको दुहाई सुन्नेछैनँ। तिनीहरूले होमबलि र अन्नबलि चढ़ाए तापनि म यी ग्रहण गर्नेछैनँ। त्यसको सट्टा म तिनीहरूलाई तरवार, अनिकाल र रूढ़ीले नाश गर्नेछु।" १३ तर मैले भनें, "परमप्रभु परमेश्वर, हेर्नुहोस्, अगमवक्ताहरूले त तिनीहरूलाई भनिरहेछन्, 'तिमीहरूले तरवार देख्नेछैनौ, अथवा तिमीहरूमा अनिकाल नै पर्नेछैन, र म तिमीहरूलाई यस ठाउँमा धेरै समयसम्म रहने शान्ति दिनेछु' ।"

१४ तब परमप्रभुले मलाई भन्नुभयो, "अगमवक्ताहरूले त मेरो नाउँमा झूटा अगमवाणी कहिरहेछन्। मैले तिनीहरूलाई पठाएको होइनँ, मैले तिनीहरूलाई नियुक्त गरेको होइनँ, अथवा म तिनीहरूसित बोलेको होइनँ। तिनीहरूले त तिमीलाई झूटा दर्शनहरू, मन्त्रतन्त्रहरू, मूर्तिपूजाहरू र आफ्नै मनका छकाउने कुराहरूका अगमवाणी कहन्छन्। १५ यसकारण ती अगमवक्ताहरूका विषयमा, जो मेरो नाउँमा अगमवाणी कहन्छन्, तिनीहरूका विषयमा परमप्रभु यसो भन्नुहुन्छः मैले तिनीहरूलाई पठाएको होइनँ, तापनि 'तरवार र अनिकालले यस देशलाई छुनेछैन' भनी तिनीहरू भन्दैछन्। तरवार र अनिकालद्वारा नै ती उही अगमवक्ताहरू नाश गरिनेछन्। १६ अनि तिनीहरूले अगमवाणी गरेका ती मानिसहरूचाहिँ तरवार र अनिकालको कारण यरूशलेमका गल्लीहरूमा फ्याँकिनेछन्। तिनीहरू, तिनीहरूका पत्नीहरू, तिनीहरूका छोराहरू र तिनीहरूका छोरीहरूलाई गाड्ने कोही हुनेछैन। तिनीहरूले पाउनुप र्ने सङ्कष्ट म तिनीहरूमाथि नै खन्याउनेछु।"

ती मानिसहरूको निम्ति प्रार्थना नगर्नु, तिनीहरूको हित नखोज्नु", परमेश्वरले यर्मियालाई भन्नुभयो। यर्मियाले ती मानिसहरूको निम्ति गर्नुभएको पैरबी वा बिन्तिको उत्कृष्ठ

उदाहरण यर्मिया १४:७मा पाइएतापनि यस बखत परमेश्वरले तिनीहरूको निम्ति प्रार्थना गर्न मनाही गर्नुभएको थियो। ती मानिसहरूको निम्ति यर्मियाले अगाडि यसरी प्रार्थना गरेका थिएः "हे परमप्रभु हामीहरूको पापले हामी कस्तो छ भनेर भन्दाफोर गरेतापनि तपाईंको नाउँको खातिर केही गर्नुहोस्।" (यर्मिया १४:७ रूपान्तरित)। १ थेस्सोलोनिकी ५:१७मा निरन्तररूपमा प्रार्थना गर्दै रहनु भनेर उल्लेख गरिएतापनि ती मानिसहरू कसरी खस्किए, भ्रष्ट भए, बागी भए र पतन भए भनेर परमेश्वरले यर्मियालाई सम्झाइरहनुभएको थियो। हामीलाई थाहा नभएको मानिसहरूको हृदय र भविष्य परमेश्वरलाई थाहा छ। त्यसकारण नयाँ करारमा शत्रुहरूको निम्ति पनि प्रार्थना गर्ने चलन नछोड्नु भन्ने दिएको नीति यर्मियाको मामिलामा असान्दर्भिक थियो भन्नु मनासिब देखिन्दैन।

## उपसंहारः

**थप जानकारीः** हामी सबैले सामना गरिरहने प्रश्नसँग यर्मियाले पनि संघर्ष गरिरहेका थिएः पाप, अधर्म, भ्रष्ट चरित्र, दुष्टता किन यस संसारमा चर्किरहेछ? त्यसको अर्थ के छ? दिमागले नभ्याएको कुरा वा आ बेकारको भनेर मनस्थितिलाई साम्य गर्न खोज्नु नै हामीहरूको निम्ति समस्या हुनसक्छ। यस मामिलामा एलेन जी ह्वाइट भन्नुहुन्छः "पापको सुरू कसरी भयो भनेर वाख्या गर्नु असंभव छ। यदि पापको अस्तित्वको बारेमा वाख्या गर्न खोजियो भने त्यो जायजै थियो भन्ने निश्कर्षमा आउन सक्छ। पाप हामीहरूको जीवन वा यस पृथ्वीमा हस्तक्षेप गर्ने तत्व हो र उसको अस्तित्वको कुनै कारण नै छैन। यो रहस्यमय छ र त्यसको लेखा छैन। यदि पापलाई कुनै बहाना बनाएर मानियो भने त्यसको पक्षमा बोलेको ठहरिन्छ। यदि पाप गर्नु जायजै भेट्टियो भने वा त्यसको अस्तित्वको कारण देखाइयो भने त्यो पाप

हुनबाट रोकिन सक्छ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ४९२, ४९३बाट रूपान्तरित।

कतिपय समयमा हामी दुःख, बिजोगको सामना गर्छौं तब अरू वा हामीले नै भन्छौं "यो किनभयो, म बुझ्नै सक्दिनँ। यस्तो हुनु कारणै थिएन। हामीले नबुझ्नु असल कारण छ, त्यो हो बुझ्न नसकिने तत्व हो। यदि हामीले बुझ्न सकियौं भने वा तर्क गर्न सक्यौं भने वा भाग्यको खेल भनेर सोच्यौं भने पाप पाप नहुन सक्छ। त्यो कुनै खराब वा बिजोग नहुनसक्छ किनभने पापको लक्ष्य रहेछ भनेर तर्क गरिन सक्छ। पाप र दुष्टता वाख्या गर्न सकिँदैन भनेर सोच्नु अति निर्णायिक कुरो हो भनेर हामीले कसरी सम्झिरहने? हामीसँग के छ भने क्रुसको यथार्ता छ जसले परमेश्वरको प्रेम र भलाइलाई देखाउँछ जसले गर्दा वर्तमान अवस्थामा पापको परिणामलाई वाख्या गर्न नसकेपनि त्यसले हामीहरूको विश्वासमा असर गर्दैन।

**चिन्तनमनन:**

**अ. दुःख, कष्ट पाप आदि आउनुको कुनै मतलबै छैन भन्ने कुरामा अझ सोच्नुहोस्। त्यो अर्थहिन वा त्यसको व्याख्या तर्कसम्मत छैन भनेर बिचार गर्नुहोस्। यसरी सोच्नु किन ठिक छ? त्यसको बारेमा सोच्नुहोस्। मानौं कुनै बालकलाई त्रासमय रोग लाग्यो र बर्षौं सम्म रोगको चपेटामा ऊ परिरहेको छ। त्यसमा कुनै असल छ भनेर के हामीले तर्क गर्न सक्छौं र? तर यस दुष्ट र पतित संसार भएको कारणनैले त्यसो हुनआएको हो भनेर सोच्नु मनासिब देखिँदैन र?**

आ. एलेन जी ह्वाइटको सेवाकार्य र भविष्यवाणी बोल्ने शक्तिको बारेमा सोच्नुहोस्। हामीमा पनि उनिप्रति पूर्वाग्रह राख्ने दोष नहुनसक्छ र जसरी यर्मियाको समयमा यर्मिलाई मानिसहरूले देखाएका थिए?